# मृतात्माहरू जागी उठेका छन् ।

मृतात्माहरू जागी उठेका छन्
प्रेतात्माहरू बौरी उठेका छन्
समयको एक अन्तरालपछि
इतिहासको डबलीमा
वर्तमानको डबलीमा
जसलाई हामीले मृत सम्झेर
चिहानमा गाडी आएका थियौँ
जसलाई हामीले विकासको प्रक्रियामा
अग्रगतिमा बाधक सम्झेर
प्रतिगामीको संज्ञाले घोषित गर्दै
व्यङ्ग्यचित्र प्रस्तुत गर्दै
पुतला जलाएको थियौँ
सार्वजनिक प्रदर्शन गरेर
हो, तिनै मृतात्माहरू जागी उठेका छन्
हो, तिनै प्रेतात्माहरू बौरी उठेका छन् ।

घाउहरू साम्य नहुँदै
शताब्दीको घाउ
रक्तरञ्जित बलिदान र चिसो हत्याकाण्डका
एकपछि अर्को अनवरत श्रृङ्खलाहरू
दृष्यबाट ओझेल हुन नपाउँदै
अर्ध दशक पनि बित्न नपाउँदै
भुइँमा पोखिएका रगतहरू आलै
सुक्न पनि नपाउँदै
निस्तब्ध रात फेरि कोलाहलको वातावरणले
ब्युँझी उठेको छ,
सन्त्राससमय बन्दै
आशङ्काको भुमरी समयको छालमा
गतिवान र सबल हुँदै ।

स्वाभिमानको धरोहरलाई खण्डित गर्दै
इतिहासमा कलङ्कित
कुख्यात अपराधीका नाइकेहरू
क्रमशः योद्धाको सम्मानित छातीमा टेकेर
अपमानको पादले प्रहार गर्न थालेका छन्,
लाटोकोसेरोले दिउँसै नरमाइलो स्वरमा बोलेर
ए ! यो कस्तो अशुभ हुन थालेको ?

ए ! त्यो कस्तो कुलक्षण साकार हुन थालेको ?
करेली हातमा लिएर सारथि बनेकाहरू !
युगबाहनको संयन्त्रमा
कता पेच खुकुलियो ?
गौड गडा
कुन अनिष्टलाई निमन्त्रण गर्न
उर्वर मस्तिष्कमा
बाँझोपनको कीरा पर्‍यो

राहुको विकराल छाया पर्‍यो
सावधान हत्केलाहरू !
सावधान नाविकहरू ! !
कहीं यो नाउ मझधारमै

असङ्ख्य जीवनहरूको आहुति सहित
अपूरणीय क्षति सहित
विसर्जन हुन नपाओस् ।

६ ६ ६